देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः १२-२०८२/०८३

मिति २०८२/१२/२८ समय: दिनको १:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री राजिव पन्थी | प्रमुख प्रशासकीय अधिकृत |

**कर्मचारी उपस्थितीः**

गोविन्द प्रसाद पौडेल अधिकृत

जीवन गुरुङ अधिकृत

**देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक**

**मिति: २०८२/१२/२८** **वैठक संख्या: १२-२०८२/०८३**

**प्रस्तावहरु:**

१. समीक्षा सम्बन्धमा।
२. देवघाट गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (Wash) योजना स्वीकृति सम्बन्धमा।
३. विद्यालय संचालन सम्बन्धमा।
४. रकम दाखिला तथा रकमान्तर सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो। कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा देहाय बमोजिमको निर्णयहरु गर्ने सर्वसम्मत निर्णय गरियो।

क) देवघाट गाउँपालिकाको N-WASH प्रणालीमा आधारित खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना (WASH Plan) तयार गर्ने जिम्मेवारी पाएको परामर्शदाता श्री नवकिरण नेपाल, तानसेन-३, पाल्पाद्वारा स्थलगत सर्वेक्षण गरी तयार गरेको वास योजनामा समावेश हुने वडागत खानेपानी आयोजनाहरुको विवरण वडा कार्यालयहरुबाट प्राथमिकीकरण गरी प्राप्त भएकोमा गाउँपालिकाले थप आवश्यकता तथा औचित्यताको आधारमा पुनरावलोकन गरी देवघाट गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना (WASH Plan) स्वीकृत गर्ने र तथ्यांक प्रमाणीकरणका लागि खानेपानी तथा ढल व्यवस्थापन विभागमा पठाउने निर्णय गरियो।

ख) यस गाउँपालिकाले निर्माण गरेको WASH योजनामा योजना प्राथमिकीकरण वडाको आवश्यकता र महसुसका आधारमा वडा कै निर्णय अनुसार प्राथमिकीकरणका लागि पारित गरियो।

ग) देवघाट गाउँपालिकाले आ.व. २०८२/०८३ मा निर्माण गरेको WASH योजनामा कारणवश केही योजना छुट्न गएको खण्डमा आगामी आ.व.मा अद्यावधिक गर्ने क्रममा समावेश गर्ने र यस WASH योजनालाई वार्षिक अद्यावधिक गर्ने गरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो।

घ) यस गाउँपालिकाको WASH योजना निर्माण गर्न सहयोग गर्नुहुने नवकिरण नेपाल-पाल्पा, राजनैतिक दल, नागरिक समाज, जनप्रतिनिधि, सम्बन्धित शाखा सम्पूर्णलाई धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ६७ मिति २०८२/१२/२६ को पत्रानुसार शैक्षिक सत्र २०८३ को भर्ना अभियान २०८३ बैशाख १५ गतेबाट शुरु गर्ने भन्ने सन्दर्भमा नेपालको संविधान बमोजिम आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन सम्बन्धी अधिकार स्थानीय तहको भए बमोजिम देवघाट गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरुले बैशाख २ गते देखि भर्ना अभियान तथा बैशाख ६ गते देखि नियमित पठनपाठन शुरु गर्नेको लागि सम्पूर्ण विद्यालयहरुलाई सूचना गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा तपसिल बमोजिमको योजनामा रकम दाखिला तथा रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल:

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | योजनाको कुल बजेट | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ८०४३८५०४१०१ | सिंन्च्याङ आमडाँडा खानेपानी आयोजना | १,२०,००,०००.०० | १२,६५,०५१.२५ | घटाउने |
| २. | ८०४३८५०४१०१ | आय ठेक्का नं 07/2082/083 को १.५ % र १३ % दाखिला | नयाँ | ४,५९,२२३.७५ | बढाउने |
| ३. | ८०४३८५०४१०१ | आय ठेक्का नं 12/2082/083 को १.५ % र १३ % दाखिला | नयाँ | ४,६५,१४२.५० | बढाउने |
| ४. | ८०४३८५०४१०१ | आय ठेक्का नं 11/2082/083 को १.५ % र १३ % दाखिला | नयाँ | ३,४०,६८५.०० | बढाउने |